‘पर्यटन प्रवर्द्धन केन्द्रित काममा सहयोग गर्छु’-मन्त्री मोक्तान । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट ‘क’ वर्गको मान्यता प्राप्त

# विकास

खबरपत्रिका साप्ताहिक




● मकवानपुर, वर्ष-१६, अंक-२१ ● २०८० मसिर १८ गते सोमबार, ● 04 Dec., 2023, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# प्लास्टिक विस्थापित गर्न दुना टपरी उद्योग



बागमती गाउँपालिका

विकास संवाददाता
थाहानगर

प्लास्टिकजन्य सामग्रीलाई विस्थापित गर्न मकवानपुरको बागमती गाउँपालिका वडा नंम्बर ९ बेतिनी अधेँरीमा दुना टपरी उद्योग सञ्चालन गरिएको छ । न्यूनआय र विपन्न वर्गलाई आयआर्जनसँग जोड्ने उद्देश्यले दुना टपरी उद्योगको शुभारम्भ गरिएको हो । डिभिजन वन कार्यालय मकवानपुरको आर्थिक सहयोगमा दक्षिणकाली सामुदायिक वन उपभोक्ता समूहलाई दुना टपरी उद्योगका लागि प्रविधि हस्तान्तरण गरिएको छ । स्थानीयको जिविकोपार्जनमा थप टेवा पुगोस् भन्ने उद्देश्यले करिव ४ लाख ३८ हजार बराबरको दुना टपरी बनाउने मेशीन सहयोग गरिएको हो ।

‘वन क्षेत्रमा प्रशस्त मात्रामा पाईने र बर्सेनी वन डढेलोको कारण डढेर खेर जाने सालको पातको उपयोग गरि रोजगारी सिर्जना गर्न सकिने भएको छ’- डिभिजन वन अधिकृत पुष्पराज बर्तौलाले भने । दुना टपरी उद्योगले स्थानीयको आयआर्जन वृद्धि र सामुदायिक वनमा उद्यम प्रवर्द्न गर्न थप टेवा पुग्ने उनको विश्वास छ । स्थानीयस्तरमा उपलब्ध सालको पात प्रयोग गरेर उत्पादन गर्न सकिने दुना टपरी उद्योगले सामुदायिक वनमा उद्यम विकास गर्न र रोजगारी सिर्जना गर्न सहयोग पुऱ्याउने डिभिजन वन कार्यालय मकवानपुरका वन अधिकृत वसन्तराज गौतमले बताए । प्लाष्टिकको दुना टपरी निरूत्साहित गर्न र यहाँका स्थानीयलाई आयआर्जनसँग जोड्न उद्योगको लागि प्रविधि हस्तान्तरण गरिएको उनको भनाई छ । प्लाष्टिकजन्य सामानहरूको प्रयोगमा कमि ल्याउने नीति बनिरहेको सन्दर्भमा यस किसिमको सामानको बजारको सम्भावना बलियो रहेको उनको भनाई छ ।

*प्लाष्टिकबाट बनेका सामग्री प्रयोग गरिसकेपछि त्यसको व्यवस्थापनमा समेत कठिनाइ हुने, वातावरण पनि प्रदूषित हुने भएकाले सालको पातबाट बनेको दुना र टपरी प्रयोगमा प्रोत्साहन गर्न उद्योग सुरू गरिएको अध्यक्ष मगरको भनाई छ ।*

अधिकांश भोजभतेरमा प्लास्टिकबाट बनेका सामग्री प्रयोग हुन थालेपछि त्यसलाई विस्थापित गर्न दुना टपरी उद्योग सञ्चालनमा ल्याइएको दक्षिणकाली सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष पदम बहादुर खिरिण मगरले बताए । पछिल्लो समय भोजभतेरमा मात्र होइन हरेकजसो चिया पसल र घरको भान्सामा समेत प्लास्टिकका गिलास, प्लेट चम्चाको प्रयोग बढ्न थालेको छ । प्लास्टिकबाट बनेका सामग्री प्रयोग गरिसकेपछि त्यसको व्यवस्थापनमा समेत कठिनाइ हुने, वातावरण पनि प्रदूषित हुने भएकाले सालको पातबाट बनेको दुना र टपरी प्रयोगमा प्रोत्साहन गर्न उद्योग सुरू गरिएको अध्यक्ष मगरको भनाई छ । ८१ हेक्टर क्षेत्रफलमा फैलिएको दक्षिणकाली सामुदायिक वन उपभोक्ता समूहमा ५३ घरधुरी आवद्ध रहेका छन ।

प्लास्टिकका प्लेट, गिलास, चम्चालगायतका सामान प्रयोग गर्दा मात्र नभई नष्ट गर्दा समेत त्यसबाट निस्कने प्रदूषणले स्वास्थ्यमा असर पुर्याउने हुँदा सालको पातबाट बनाइएका सामग्री प्रयोग गर्नु राम्रो हुने भएकाले जङ्गलमा खेर गइरहेका पातबाट गाउँमै दुना, टपरीलगायत उत्पादन गर्न थालिएको छ । प्रविधि हस्तान्तरण कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले गाउँ गाउँमा उद्यमशिलता बढाउनुपर्ने बताउँदै सामुदायिक वनभित्रबाट निस्कने वन पैदावरसँग सम्बन्धित विभिन्न वस्तुहरू नियमसंगत ढंगले उद्यमशिलता एवम् व्यवसायीकरण गरेर आर्थिक उपार्जन गर्न सकिने बताए । बागमती गाउँपालिका वडा नंम्बर ९ का वडाध्यक्ष पुनराम घलानले वडामा प्लाष्टिकजन्य सामाग्रीको प्रयोग घटाउँदै जाने नीति बनाउने बताए । उनले कार्यपालिका बैठकमा पालिकाभित्र प्लाष्टिकजन्य सामाग्री प्रयोगमा निरूत्साहित सालको पातबाट बनेको दुना टपरी प्रयोग गर्न प्रोत्साहित गर्ने निर्णय गरिने जानकारी दिए ।

त्यस्तै हेटौँडा-१८ मा रहेको पञ्चकन्या सामुदायिक वन समूहले आफ्नै लगानीमा दुना टपरी उद्योग सञ्चालनमा ल्याएको छ । जिल्ला वन कार्यालयसंगको समन्वयमा उद्योग सञ्चालन गरिएको हो ।

# मनहरीमा आंशिक अपाङ्गता भएकालाई पालिकाबाटै निर्वाह भत्ता



◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिकाले आंशिक अपाङ्गता भएका १ सय ३४ जनालाई परिचयपत्र र निर्वाह भत्ता रकम उपलब्ध गराएको छ । ३२ औ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा मनहरी गाउँपालिकामा आयोजित कार्यक्रममा १ सय ३४ जना ‘ग’ वर्ग (पहैँलो कार्ड) का अपाङ्गता भएका ब्यक्तिलाई रकम प्रदान गरिएको हो । उनीहरूलाई प्रतिब्यक्ति ५ हजार ४ सय रूपियाँसहित ग बर्गको अपांगता परिचयपत्र गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीले वितरण गरेका हुन् ।

राज्यले पूर्ण अपाङ्गता (‘क’ र ‘ख’ वर्ग) भएका व्यक्तीलाई भत्ता वितरण गर्दै आएको तर आंशिक अपाङ्गता भएका व्यक्तीहरू कहिल्यै नसमेटिएकोले स्थानीय सरकारले जिम्मेवारी वहन गरेको कालाखेतीले बताए । ‘उहाँहरूको पीडा पूर्ण अपाङ्गता भएकाहरूको तुलनामा कम भएपनि पीडा फरक छैन’ कालाखेतीले भने-‘त्यसैले उहाँहरूलाई पनि केहि निर्वाह होस् भन्ने अभिप्रायले गाउँपालिकाले भत्ता वितरण गरेको हो ।’ अपाङ्गता भएका ब्यक्तिको सहज जीवनयापनका लागि गाउँपालिकाले आगामी दिनमा अझै बजेट बृद्धि गरी भत्ता उपलब्ध गराउने अध्यक्ष कालाखेतीले बताए ।

गाउँपालिकाबाट आंशिक अपाङ्गता भएका ब्यक्तिले पनि परिचय पत्र र भत्ता प्राप्त गरेकोमा अपाङ्गता क्षेत्रमा क्रियाशील संघसंस्था र ब्यक्तिहरूमा खुसी छाएको अपाङ्गता स्वावलम्बन जीवन पद्धति केन्द्र मनहरीका अध्यक्ष दिलबहादुर स्याङ्बो बताए । मनहरी गाउँपालिका सामाजिक विकास समितिका संयोजक अनन्त प्रकाश अर्यालको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष सीता पुलामी, प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, सामाजिक विकास शाखा प्रमुख ज्ञानेन्द्र ढकाल, महिला तथा बालबालिका विकास शाखा प्रमुख शिला अधिकारी, एमआईएस अपरेटर दीपक अधिकारी, अपाङ्गता स्वावलम्बन जीवन पद्धति केन्न्द्र मनहरीका अध्यक्ष स्याङ्बोलगायतको सहभागिता थियो ।

नेपाल सरकारको तर्फबाट ‘क’ बर्गमा बर्गीकृत अपाङ्गता भएका व्यक्तिलाई मासिक ४ हजार रूपियाँ, ख बर्गमा बर्गीकृत अपाङ्गता भएका ब्यक्तिलाई मासिक २ हजार १ सय २८ रूपियाँ भत्ता उपलब्ध गराउँदै आएको छ ।

# स्कूललाई सुब्बा गोलेको साँढे २ लाख सहयोग

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ११ को महांकाल आधारभूत विद्यालयलाई साँढे २ लाख रूपियाँ सहयोग जुटेको छ ।

महांकालदेवि मन्दिरको नामबाट स्थानीय युवा, अभिभावक तथा शिक्षाप्रेमी सुब्बा गोलेले विद्यालयलाई सहयोग गरेका हुन् । विद्यालयमा निजि स्रोतमा कार्यरत शिक्षकहरूलाई तलब व्यवस्थापन गर्नका लागि उनले २ लाख सहयोग गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जित बहादुर गोलले जानकारी दिए । साथै बिद्यालयमा बालमैत्री धारा निर्माणका लागि पनि उनै सुब्बा गोलेले ५० हजार रूपियाँ मात्र सहयोग गरेका छन् ।



# • सम्पादकीय •

## आदर्शका कुरा र व्यवहार

हामी धेरै आदर्शका कुरा गर्छौं । तर त्यसलाई व्यवहारमा कति उतार्न सक्यौं त्यो हाम्रो उपलब्धी हो । नेपाली समाजमा अझै पनि विभेद कायमै छ । वर्गका आधारमा मात्र होइन जातका नाममा, लिङ्गका नाममा समाजमा दोस्रो दर्जाको व्यवहार कायमै छ । चाडपर्व, धर्म, परम्परा या संस्कृतिको नाममा वा भनौं विश्वासमा समाजमा कुनै न कुनै रुपको विभेदलाई निरन्तरता दिने गरिएको छ । हिजो कामलाई लिएर विभाजन थियो, पेशालाई लिएर विभाजन थियो । यो काम महिलाले गर्ने र यो काम पुरुषले गर्ने भन्ने एक खालको मान्यता थियो । त्यही मान्यताको प्रतिफल आज पनि घरधन्दा प्रायः सबै घरपरिवारमा महिलाकै काँधमा देखिन्छ । जसरी घरधन्दाजस्ता सेवामूलक कामलाई महिलाले गर्ने कामका रुपमा स्थापित गरियो त्यसैगरी कपडा सिलाउने, फलाम पिट्ने, बाजा बजाउनेजस्ता कामहरुमा दलित समुदायको कामको रुपमा स्थापित गरियो । यस्ता कामहरुलाई तल्लो दर्जाको कामको रुपमा लिने परिपाटीले ती काम गर्नेहरुलाई पनि तल्लो दर्जाकै नागरिकका रुपमा हेर्ने मान्यता विकसित गरियो । अब भने मान्छे मान्छेका बीच विभेदको रेखा कोर्ने यस्तो गलत मान्यताका विरुद्ध समाज जाग्न थालेको छ । आफ्ना लागि बर्जित भनिएका काममा मानिसहरुले हात हाल्न थालेका छन् ।

समाज रुपान्तरणका दृष्टिले यसको धेरै महत्व छ । त्यसो त लैंगिक, जातीय विभेदविरुद्ध एकाध व्यक्तिले गर्ने ससाना आँटले मात्र नपुग्ला । तर सामाजिक जागरुकता बढाउने हिसाबले भने यसको अर्थ खोज्न सकिन्छ । कालो बादलमा चाँदीको घेरा भनेजस्तै समाजमा भेटिने एकाध यस्ता कामले प्रोत्साहन पाउने हो भने यसले सामाजिक जागरणको काम गर्न सक्छ । त्यसो त राजनीतिक रुपान्तरणसँगै सामाजिक साँस्कृतिक रुपान्तरणको मुद्दा उठ्दै आएको पनि हो । राजनीतिक दलहरुले सामाजिक रुपान्तरणको मुद्दालाई व्यवहारमा उतार्दै निरन्तर अगाडि बढाउनुपर्नेमा त्यसो हुन सकिरहेको छैन । पछिल्लो समयमा राजनीतिक दलहरुले सामाजिक साँस्कृतिक रुपान्तरणको मुद्दालाई प्राथमिकतामा राखेको देखिएको छैन । यद्यपि सामाजिक रुपमा जागरुकता भने बढ्दै पनि छ । समाज रुपान्तरणको चर्चा चल्न छाडेको छैन । सामाजिक चेतनाको यो धारालाई पक्डेर राजनीतिक दल तथा सरकारले समाजमा जरा गाडेर बसेका कुरीति, अन्धविश्वास, विभेदपूर्ण मूल्यमान्यता बुझ्न, बुझाउन र त्यस्ता कुरीति, मूल्यमान्यता त्यागेर अघि बढ्ने हौसला प्रदान गर्ने खालका कार्यक्रम बनाउन जरुरी छ । मान्छेको आनीबानी र सोच परिवर्तनसँग जोडिएका यस्ता सवालमा गरिने कामले आजको भोलि तत्काल परिणाम नदेखिन सक्छन् । तत्काल परिणाम नदेखिए पनि यस्ता कामलाई प्राथमिकतामा पार्न चुक्नु हुन्न । हाम्रो जस्तो अन्धविश्वास र कुरीतिले जकडिएको समाजमा सामाजिक साँस्कृतिक रुपान्तरणको पक्षमा ध्यान पुर्‍याउन सकिएन भने भौतिक विकासले मात्र हामीलाई समृद्धिको यात्रामा सजिलै अघि बढ्न दिने छैन । समाज रुपान्तरणको चर्चा सबैजसो मानिसहरुले गर्ने गर्छन् ।

प्रगतिशील मानिएका व्यक्ति मात्र होइन, हिजोका शासकहरु पनि समाज रुपान्तरणको कुरा गर्छन् । हिजोका शासक आजको विभेदपूर्ण समाज व्यवस्थाका बाहकहरु नै हुन् । ती पनि समाज रुपान्तरणको कुरा गर्छन् । समाज रुपान्तरण भनेको के हो ? समाज रुपान्तरण किन जरुरी छ ? के कुरा बदलियो भने वास्तवमा समाज रुपान्तरण हुन्छ त ? यी कुराहरुको गहिराइमा नपुगी समाज रुपान्तरणको सवाल बुझ्न सकिँदैन । हिजोको भन्दा फरक आज हाम्रा सामाजिक व्यवहार, चालचलन र मूल्यमान्यतामा आएको फेरबदल नै सामाजिक रुपान्तरण हो । शोषण भेदभाव अन्त्य गर्न भन्दै हामीले सामन्ती पितृसत्तात्मक निरंकुश राज्यव्यवस्थाको ठाउँमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्याएका हौं । समाजमा बदलिँदै गरेका विभेदयुक्त मान्यतालाई प्रश्रय दिएर व्यापक बनाउन समाजका हरेक सचेत व्यक्ति जिम्मेवार बन्नुपर्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा


| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबस) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बस) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# कृषिमा आधुनिकीकरणको आवश्यकता



◆ के.बी. बस्नेत

*कुन मौसममा के बाली लगाउने, कहाँ कति रासायनिक मल प्रयोग गर्ने आदि कुरा माटोको गुणस्तरले इङ्गित गर्न देशभर नै विद्युतीय नक्सांकनको आवश्यकता छ । उक्त नक्सा तयार भएपछि सरकारलाई पनि माटोको गुणस्तरअनुसार सिफारिस गर्न सजिलो हुनेछ । यसैगरी कृषकहरूलाई पनि विभिन्न बाली लगाउन छुट्टै माटो जँचाउन आवश्यक पर्दैन । यसका लागि एउटा एप्स तयार गरिन्छ । कुनै ठाउँको माटोका बारेमा जानकारी लिन त्यसमा एक क्लिक गरे पुग्छ, जुन सर्वसाधारणका लागि सहज हुनेछ ।*

मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने व्यवसाय कृषि हो । नेपालको झन्डै दुईतिहाइ जनता आजसम्म पनि यही व्यवसायमा आश्रित छन् । यहाँको कुल गार्हस्थ्य उत्पादनमा उक्त व्यवसायको योगदान अन्दाजी २७ प्रतिशत छ भने आर्थिक वृद्धिदरमा ३२ प्रतिशत छ । यहाँ झन्डै २३.५ प्रतिशतको रोजगारी पनि उक्त व्यवसायले दिएको छ । तर, केही वर्षयता विभिन्न कारणले गर्दा यहाँको कुल गार्हस्थ्य उत्पादनमा उक्त व्यवसायको योगदान क्रमशः घट्दै छ । कृषिमा आधुनिकीकरण गर्न सके भविष्यमा यसमा सुधार हुने सम्भावना छ ।

आज विश्वभरि जनसंख्या वृद्धि भई ८ अर्ब नाघेको छ । यो जनभारलाई भरणपोषण गर्नका लागि कृषि विकासबाहेक अर्को विकल्प छैन । यसका लागि कुन जमिनमा कस्तो किसिमको माटो छ, सो जाँचेर मात्र कृषि कर्म गर्नु उपयुक्त हुनेछ । यसो गर्न सके कुनै पनि कृषि उत्पादन अपेक्षा गरेअनुरूप वृद्धि गर्न सकिन्छ । सर्वप्रथम त प्रत्येक कृषकलाई खाद्यान्न, तरकारी, फलफूल र अन्य बालीहरूका लागि कस्तो किसिमको माटोको आवश्यकता हुन्छ, सोको जानकारी हुनुपर्छ । त्यसपछि उपयुक्त माटोमा उपयुक्त बालीको खेती गरेमा कृषि उत्पादन तथा उत्पादकत्व बढाउन सकिन्छ । जसबाट कुनै पनि देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्नेछ ।

नेपालको झन्डै २९ लाख हेक्टर खेतीयोग्य जग्गाको माटोका डिजिटल नक्सांकन गर्दा ५० देखि ५५ अम्लीय प्रकृतिको, ४ देखि ५ क्षारीय र ४० प्रतिशत तटस्थ प्रकृतिको छ । निःसन्देह यो तथ्यांकबाट यहाँको माटोको उर्वराशक्ति सन्तोषजनक नभएको प्रस्ट हुन्छ । विगतमा रासायनिक मलको अत्यधिक प्रयोग, पीएच भ्यालुमा विद्यमान गिरावट, पोटास तत्वमा विद्यमान कमी आदि कारणले यहाँको माटोको उर्वराशक्ति घट्दै गएको कुरा यहाँको कृषि विभागद्वारा प्रकाशित एक तथ्यांकले इंगित गरेको छ । यसबाट यहाँको कृषि उत्पादनमा नकारात्मक प्रभाव पर्ने कुरा निश्चित भएकाले यथाशीघ्र सुधार गर्नु आवश्यक छ ।

वस्तुतः प्राङ्गारिक मलको उपयुक्त प्रयोगले कुनै पनि ठाउँको माटोको उर्वराशक्तिमा सकारात्मक प्रभाव पर्छ । परन्तु, यहाँको खेतीयोग्य जमिनको ४० देखि ४५ प्रतिशत माटोमा प्राङ्गारिक मलको अंश न्यून, ४० प्रतिशतमा मध्यम र १५ प्रतिशतमा अत्यधिक देखिएको कुरा एक आधिकारिक तथ्यांकले प्रस्ट पारेको छ । भविष्यमा यहाँको माटोको उर्वराशक्ति क्रमशः घट्दै गई कृषि प्रणालीमा नै संकट नआउला भन्न सकिँदैन । त्यसैले यस सम्बन्धमा यथाशीघ्र ध्यान दिन आवश्यक छ ।

नेपाल दक्षिण एसियाकै पहिलो देश हुने गरी डिजिटल नक्सा तयार गर्नसमेत सफल भएको दाबी सम्बन्धित क्षेत्रले गरेको छ । यसमा हालसम्म ५७ जिल्लाबाट लगभग २३ हजार २ सय ७३ वटा माटोको नमुना परीक्षण गरी नक्सांकन गरिएको एकातिर छ भने अर्कातिर कृषकहरूले सम्बन्धित साइटहरूमा गई आ–आफ्नो जग्गाको रासायनिक पक्षबारे विस्तृत जानकारी पाउन सक्छन् । अरू जिल्लाहरूमा पनि संकलन गर्ने कार्य जारी छ । जसमा नक्सांकन कार्यले किसान मात्र नभई नीति निर्माता, अनुसन्धानकर्ता, कृषि प्राविधिक, निजी क्षेत्रका सेवाप्रदायक संघसंस्था र मल आयातकर्ताहरूलाई समेत माटोसम्बन्धी पूर्ण जानकारी दिने कुरा उल्लेख गरिएको छ ।

समाजका हरेक क्षेत्रमा आधुनिकीकरणले प्रवेश पाएसँगै कृषिमा पनि आधुनिक प्रविधि वा उपकरणको प्रयोग आवश्यक छ । यसले प्रत्येकका कृषिमा लगानी गर्ने आत्मबल बढ्छ । नेपालमा हालसम्म पनि माटो परीक्षण गरी खेती गर्ने प्रचलन कम छ । त्यसैले यहाँका अधिकांश कृषकमा पुर्खाले जे गरे, त्यही गर्ने प्रवृत्ति छ । तर, नयाँ सुविधा प्रयोग गर्नाले प्रत्येक कृषकले सम्बन्धित वेबसाइटमार्फत माटोको रासायनिक पक्षबारे विस्तृत जानकारी लिएर त्यसअनुसार खेती गर्न सक्ने भएकाले विगतको अभ्यासमा परिवर्तन गर्न यो प्रविधि सहायक हुनेछ ।

उक्त नक्सांकन कृषकहरूका लागि उपयोगी हुने देखिए पनि कृषिक्षेत्रका नीतिनिर्माता, अनुसन्धानकर्ता, कृषि प्राविधिक, कृषि उद्यमी आदिलाई पनि प्रत्यक्ष वा परोक्ष रूपमा फाइदा हुनेछ, जुन कुरा विकसित देशहरूको अनुभवबाट प्रस्ट भएको छ । वस्तुतः कुन बालीका लागि कस्तो माटो उपयुक्त हुन्छ भन्ने कुराको जानकारीबिना गरिएको खेतीबाट अपेक्षित खेती नहुने भएकाले माटोसम्बन्धी डिजिटल नक्सा तयार गरी सार्वजनिक गरिएको छ ।

वर्तमान समयमा नेपाल कृषि युगको नयाँ चरणमा प्रवेश गरेको छ । त्यसैले आमकृषकले डिजिटल नक्साबारे सहज जानकारी लिई अधिकतम फाइदा पाउन सक्ने गरी सम्बन्धित पक्षबाट व्यवस्था मिलाउन आवश्यक छ । उक्त डिजिटल नक्सा चार वर्ष लगाएर तयार गरिएको हो । सार्क क्षेत्रको सबैभन्दा ठूलो देश भारतमा समेत उक्त नक्सा तयार गर्न सकिएको छैन । उक्त नक्सा कार्यान्वयन गर्ने सार्क क्षेत्रका देशहरूमध्ये नेपाल नै पहिलो हुनेछ ।

उक्त नक्सामार्फत माटोको उर्वराशक्ति, अम्लीयपन, प्राङ्गारिक पदार्थको मात्रा, माटोका बनावट आदि गुणका बारेमा कृषकहरूले सहजै जानकारी पाउनेछन् । योबाहेक कृषकहरूले आफ्नो जग्गामा उत्पादन हुने बाली, प्रयोग गर्ने मलको मात्रा, माटो सुधार गर्ने तरिकालगायतका विषयमा पनि निर्णय लिन सक्नेछन् ।

विद्यमान माटो व्यवस्थापनका लागि उक्त डिजिटल नक्सा कोसेढुङ्गा साबित हुने दाबी सम्बन्धित क्षेत्रले गरेको छ । वास्तवमा विद्युतीय माध्यमबाट तत्कालै जानकारी पाइने भएकाले यस्ता प्रविधि र सुविधामा कृषकहरूलाई अभ्यस्त बनाउनुपर्ने पहिलो चुनौती छ । यस्ता सुविधा प्राज्ञिक अनुसन्धानमा भन्दा कृषकहरूले व्यवहारमा उतार्न सक्ने गरी विकास एवं विस्तार गर्न सके बढी फाइदा हुनेछ । किनभने यसबाट कृषि उत्पादनमा सकारात्मक प्रभाव पर्नेछ । उक्त नक्साको प्रयोगबाट विभिन्न किसिमका फाइदा लिन सकिन्छ, जसका लागि सरकारी तथा निजी क्षेत्रको सक्रिय सहयोग हुनुपर्छ । वास्तवमा बढी कृषि उत्पादनका लागि माटोको गुणअनुसार बाली लगाउने काम गर्नुपर्छ । योबाहेक रासायनिक मलको प्रयोग पनि माटोको गुण पहिचान गरेपछि मात्र गर्नु उचित हुन्छ । तर, नेपालका कृषकहरूलाई यससम्बन्धी राम्रो ज्ञान नभएकाले र हालसम्म पनि उनीहरूले परम्परागत खेती गर्दै भएकाले आशा गरेअनुरूप फाइदा लिन सकेका छैनन् ।

यहाँ कुन मौसममा के बाली लगाउने, कहाँ कति रासायनिक मल प्रयोग गर्ने आदि कुरा माटोको गुणस्तरले इङ्गित गर्न देशभर नै विद्युतीय नक्सांकनको आवश्यकता छ । उक्त नक्सा तयार भएपछि सरकारलाई पनि माटोको गुणस्तर अनुसार सिफारिस गर्न सजिलो हुनेछ । यसैगरी कृषकहरूलाई पनि विभिन्न बाली लगाउन छुट्टै माटो जँचाउन आवश्यक पर्दैन । यसका लागि एउटा एप्स तयार गरिन्छ । कुनै ठाउँको माटोका बारेमा जानकारी लिन त्यसमा एक क्लिक गरे पुग्छ, जुन सर्वसाधारणका लागि सहज हुनेछ ।

उक्त विद्युतीय नक्साबाट माटोमा रहेको नाइट्रोजन, फस्फोरस, पोटास, अर्गानिक पदार्थ, पीएच, जिंक, बोरोनबारे सजिलै जानकारी लिन सकिन्छ, जसले गर्दा कृषकहरूलाई विभिन्न बाली लगाउन सहज हुनेछ । माटोसम्बन्धी वैज्ञानिकहरूले गरेको परीक्षणबाट प्राप्त परिणामजस्तो धेरै नै भरपर्दो नभए पनि कृषकहरूले कम्प्युटर वा मोबाइल एप्सबाट आफ्नो खेतबारीको माटोका बारेमा एकीकृत जानकारी प्राप्त गर्न सक्छन्, जसबाट कृषकहरू लाभान्वित हुन सक्छन् । यसका साथै विभिन्न स्रोतबाट संकलित माटोको सूचनाका आधारमा हरेक दुई वर्षमा डेटाबेसलाई अध्यावधिक गर्न नितान्त आवश्यक छ । जसबाट भविष्यमा कृषकहरूले बढी फाइदा लिन सक्छन् र कृषि उत्पादन वृद्धिमा पनि सकारात्मक प्रभाव पर्नेछ ।

विकास
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
२०८० मंसिर १८ गते सोमबार, 04 Dec., 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# ज्यान तताउन पिइने रक्सीले मस्तिष्कमा के गर्छ ?

जब जाडो बढ्छ, पानी पर्छ रक्सी पिउनेहरूले अर्को बहाना पाउँछन्, 'मौसमले च्यालेन्ज गऱ्यो ।' के पनि धारणा व्याप्त छ भने, रक्सी पिएपछि ज्यानमा तातो लाग्छ ।

यही कारण जाडो याममा रक्सीको खपत बढी हुने तथ्यांक छ । यसबेला रम, ब्रान्डी र ह्विस्की जस्ता पेयले 'ज्यान न्यानो हुने' धेरैजसोको बुझाई छ । अमेरिककाको चर्चित एबीसी न्युजको एक रिपोर्टमा उल्लेख छ, 'रक्सी पिएपछि छालाको तह मुनीका नसा केही फुलाउँछ र रक्तप्रवाह अलिकति बढ्छ । यसले गर्दा पिउने मान्छेलाई न्यानोपन अनुभव हुन थाल्छ । यसको मतबल शरीरको तापक्रम परिवर्तन भएको होइन, केवल महसुष मात्र भएको हो ।' सोही रिपोर्टमा लेखिएको छ, 'रक्सी पिएपछि शरीर न्यानो हुने होइन । बरू तिब्र रूपमा शरीरको तापक्रम घट्छ र हाइपोथर्मियाको जोखिम बढ्छ ।'

हाइपोथर्मिया शरीरको त्यो स्थिती हो, जसमा तापमान सामान्य भन्दा कम हुनजान्छ । यसमा शरीरको तापमान ३५ डिग्री सेल्सियसभन्दा कम हुन्छ ।

मदिरा सेवन गरे जाडो भाग्छ भन्ने धेरैलाई लाग्छ । जाडो याममा रम, ह्विस्की जस्ता मदिराको माग बढेको पाइन्छ । विभिन्न वैज्ञानिक अध्ययनअनुसार पनि जाडोको मौसम र बढी जाडो हुने स्थानमा मदिरा सेवन बढी हुने गरेको छ ।

जबकि शरीरमा आवश्यक तापमान कायम राख्नका लागि मस्तिष्कले केही किसिमको काम गरिरहेको हुन्छ ।

## मस्तिष्कमा गंभिर असर

स्नायुरोग विशेषज्ञ डा. सुमन भट्टराई भन्छन्, 'रक्सी पिएपछि त्यसले स्नायु प्रणाली र खासगरी मस्तिष्कलाई असर गर्छ ।'

हाइपोथालेमस मस्तिष्कको एक भाग हो जुन शरीरका धेरै आवश्यक हार्मोनहरू, रासायनिक पदार्थहरू उत्पादन गर्न जिम्मेवार हुन्छ । साथै यसले तापक्रम नियमन, भोक, तिर्खा, निद्रा, मुड, शरीर भित्र अन्य हर्मोनहरू निस्कने जस्ता शारीरिक कार्यहरू नियन्त्रण गर्दछ । अत्यधिक रक्सी सेवनले मस्तिष्कको हाइपोथालेमसलाई असर गर्ने भएकोले पनि रक्सी पिएपछि मान्छेलाई तातो भएको महसुस हुने डा. भट्टराई बताउँछन् ।

जर्नल अफ वाइल्डनेस मेडिसिनमा प्रकाशित एक अध्ययनका अनुसार र क्सीले शरीरको खास तापक्रम घटाउन सक्छ र चिसोमा हाइपोथर्मियाको सम्भावना बढाउँछ ।

उनी भन्छन् 'रक्सीले मस्तिष्कको 'कनेक्टिभ फङ्सन' संज्ञानात्मक कार्यलाई पनि असर गर्छ । मस्तिष्कको संज्ञानात्मक कार्य भन्नाले मानसिक प्रतिक्रिया हो । जसको माध्यमबाट हाम्रो मस्तिष्कले जानकारी लिने, विकास गर्ने र भण्डारण गर्ने जस्ता कार्यहरू गर्छ ।'

डा. भट्टराईका अनुसार जाडोमा मस्तिष्कघात र हृदयाघातको समस्या बढी देखिने गर्छ । यसको एउटा कारण जाडोमा बढी रक्सी सेवन पनि हुन सक्ने उनको ठम्याई छ । धेरै रक्सी पिउँदा दिमाग नियन्त्रणमा रहँदैन, जसका कारण बोल्नका साथै केही हिँड्नमा पनि समस्या हुन सक्छ । यसले डिमेन्सियाको साथसाथै



शरीर नियन्त्रण गर्न गाह्रो बनाउँछ, जसले दुर्घटना र चोटपटक पनि निम्तने सक्ने भट्टराईले बताए ।

रक्सीको अत्यधिक सेवनले हाम्रो सोच्ने र बुझ्ने शक्तिलाई कमजोर बनाउने भट्टराई बताउँछन् । उनी भन्छन्, 'मदिर ाको लामो समय सेवनले हाम्रो मस्तिष्कको सन्तुलनलाई असर गर्छ । साथै हाम्रो स्मरण शक्तिमा पनि असर पर्छ ।'

## मुटु रोगको जोखिम

रक्सी पिएपछि रक्तनली सुन्निने र न्यानो भएको महसुस हुन्छ । जाडो मौसममा न्यानो हुन्छ भनेर मदिरापान गर्दा कलेजो र मुटुको समस्या आउन सक्ने मुटु रोग विशेषज्ञ डा. अभिषेक ठाकुर बताउँछन् ।

'मुटुको समस्या भएको व्यक्तिले मदिरापान गर्दा खतरा झन् बढ्छ । मुटुको चाल गडबड हुने, कोलेस्ट्रोल बढ्ने र हृदयाघात हुने सम्भावना पनि बढ्छ,' उनी भन्छन् ।

जाडोमा रक्सी पिउँदा शरीरमा डिहाइड्रेसन हुन्छ, रक्त नलीहरू खुम्चिन्छ र रगत पम्प गर्न मुटुले कडा मेहनत गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा छाती दुख्ने र कहिलेकाहीँ हृदयाघात समेत हुन सक्ने ठाकुर बताउँछन् ।

'मदिरापान गर्ने बित्तिकै रक्तनलीहरूमा एक प्रकारको प्रतिक्रिया हुन्छ । जसले मुटुको चालमा गडबडी गर ाउँछ, उनी भन्छन्, 'रगत पातलो गर्ने औषधि सेवन गर्नेहरूले मदिरापान गर्दा औषधिको प्रभाव कम हुन्छ ।' लामो समयसम्म मदिरापान गर्दा वा धेरै मदिरापान गर्दा स्वास्थ्यमा नकारात्मक असर गर्छ । 'तर मैले त थोरै मात्र मदिर ापान गर्छु, महिनामा एक पटक मात्र । त्यसैले मलाई खासै असर गर्दैन भन्ने जुन धारणा छ त्यो गलत हो,' डा. ठाकुर भन्छन् । 'पछिल्लो समय भएको विभिन्न अध्ययनअनुसार थोरै मात्रामा मदिरापान गर्दा वा कहिलेकाहीँ मात्र मदिरा सेवन गर्दा पनि मुटु र कलेजोमा असर गर्छ, त्यो असर लामो समयसम्म रहन्छ भनिएको छ' उनी थप्छन् ।

कुनै व्यक्तिले वर्षमा दुई-तीन पटक मात्र मदिरापान गर्छ, तर मात्रा बढी हुन्छ भने मुटुको चालमा गडबडी गर्छ । थोरै मात्रामा लामो समयसम्म मदिरापान गर्ने व्यक्तिमा रक्तचाप, कोलेस्ट्रोल बढ्ने र मोटोपनको समस्या पनि देखिने डा. ठाकुर बताउँछन् ।

विश्व स्वास्थ्य सङ्गठनको एउटा प्रतिवेदन अनुसार अत्यधिक मदिरा सेवनले डिप्रेसन, बेचैनी, आत्महत्या गर्ने प्रवृत्ति र दुर्घटनाजस्ता केसहरू निम्त्याउँछ । यसबाहेक मदिरा सेवनले कलेजो, पेट, नाक, घाँटी र स्तनको क्यान्सर बढ्छ । दैनिक एक प्याक रक्सी पिउँदा स्तन क्यान्सरको जोखिम ४ प्रतिशतले बढाउँछ । अर्कोतर्फ, धेरै रक्सी पिउँदा रगतमा चिनीको मात्रा ४० देखी ५० प्रतिशतले बढ्छ ।

# छातीको दुखाई हृदयघातकै लक्षण होला ?

छाती दुख्ने समस्या अनेक कारणले हुनसक्छ । दुखाईको अनुभव पनि फरक फरक हुनसक्छ । कसैलाई छातीको बायाँ छेउमा दुख्छ, कसैलाई दायाँतिर दुख्छ । कहिले हल्का दुख्छ, कहिले सहनै नसक्ने गरी दुख्छ । दुखाईको स्थिती, मान्छेको स्वास्थ्य अवस्था वा आनीबानीलाई आधार मानेर यसको कारण पहिल्याउन सकिन्छ ।

जस्तो कतिपयलाई पेटमा ग्याँस भरिएर पनि छाती दुखेको महसुश हुन्छ । कतिलाई निमोनियाको कारण यस्तो हुन्छ । लगातार खोकीले पनि छाती दुख्छ । फोक्सोको संक्रमण, आहार नलीमा समस्या, हड्डी वा मांशपेशीको कारणले छाती दुख्छ ।

त्यसबाहेक केही गंभिर रोगहरूले पनि दुख्छ । जस्तो कि, हृदयघात । मुटुकै कारण छाती दुखेको हो वा अरू कारणले ? यसबारे छुट्याउन कठिन हुन्छ । अस्पताल पछि नै त्यसबारे टुंगो गर्न सकिन्छ ।

गंगालाल अस्पतालमा हेरेको बिरामीमध्ये धेरैमा हृदयघात देखिएको थियो, जो छाती दुखेको कारण अस्पताल आएका थिए । त्यसैले यदि छाती दुखेको छ भने हामीले मुटुको कारण हो वा होइन भनेर थाहा पाउनै पर्छ । हृदयघात अचानक हुने जोखिम हो ।

यद्यपि यसअघि केही सामान्य संकेत पाउन सकिन्छ । जस्तो सामान्य हिँडडुल गर्दा छाती दुख्नु, आरम गर्दा नदुख्नु, खलखल पसिना आउनु हृदयघातको लक्षण पनि हुनसक्छ । हुन त हृदयघातको लक्षण सबैमा एकनास नहुन सक्छ ।

मुटुको समस्या हुँदा छाती दुखाईको केही फरक अनुभव हुनसक्छ । जस्तो छाती दुख्ने वा भारीपन महसुष हुने, छाती दुखाईसँगै वान्ता हुने, अचानक पसिना आउने, सास फेर्नमा असहज हुने, मुटुको धड्कन अनियमित हुने । तर, लक्षण नै पर्खेर बस्नु उचित होइन । संभव भएसम्म छाती दुख्यो भने नजिकको स्वास्थ्य केन्द्रमा गएर जँचाउनु पर्छ । छाती दुख्नु हृदयघातको प्रमुख लक्षण हो । यसलाई खेलाँची नगरौं ।

## हृदयघातकै संकेत हो त ?

यदि हृदयरोगको जोखिम बर्गमा कोही छन् भने उनीहरूले छाती दुख्नसाथ सजग हुनुपर्छ । खासगरी हृदयरोग भएका, उच्च रक्तचाप, मधुमेह, उच्च कोलेस्टोरोलको समस्या भएका, परिवारमा कसैलाई हृदयघात भएको इतिहास छ भने त्यस्ता व्यक्ति जोखिम बर्गमा हुन्छन् ।

धेरै चुरोटको धुँवा तान्ने, रक्सी पिउने व्यक्तिलाई पनि हृदयघातको जोखिम छ । त्यसो अन्य व्यक्ति यसबाट सुरक्षित छन् भन्ने होइन । जो कोहीलाई हृदयघात हुनसक्छ तर जोखिम कसैलाई बढी र कसैलाई कम हुनसक्छ ।

उमेरको आधारमा पनि हृदयघातको जोखिम देखिन्छ । जस्तो पुरूषको हकमा ४५ बर्ष वा सो भन्दा माथि उमेर छ भने उनीहरूलाई हृदयघातको जोखिम छ भने महिलाको हकमा ५५ बर्ष माथिलाई यस्तो जोखिम छ ।

## जाडो याम र हृदयघात

अक्सर के देखिन्छ भने तुलनात्मक रूपमा जाडो याममा हृदयघातको घटना बढी हुन्छ । यसो हुनुमा जाडो वा चिसोको कारण रक्त प्रवाहमा आउनसक्ने अवरोध नै हो । जाडोमा मुटुको नली वा धमनी खुम्चने र साँघुरिने हुन्छ । यसले गर्दा रक्त प्रवाहमा अवरोध आउँछ र हृदयघातको जोखिम बढ्छ ।

## छाती दुख्नसाथ जँचाउनु पर्छ ?

यदि तपाईं जोखिम बर्गमा पर्नुहुन्छ र छातीको दुखाई हृदयघातको लक्षणसँग मिल्दो छ भने अस्पताल वा चिकित्सकको सम्पर्कमा पुग्नैपर्छ । किनभने बाहिरबाट हेर्दा किन र कुन भागमा दुखेको भन्ने ठिम्याउन सकिदैन । यसका लागि सम्बन्धित चिकित्सकले जाँच गरेर मात्र थाहा हुन्छ ।





# हेटौंडा उपमहानगरलाई बालमैत्री घोषणाको तयारी तिब्र

◆ विकास संवाददाता

चालु आर्थिक वर्षमा हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री पालिका घोषणाको तयारीलाई तीब्र पारिएको छ । वडातहमा सहजकर्ता खटाएर बालमैत्री वडासँगै सिंगो पालिकालाई व्यवस्थित ढंगबाट बालमैत्री उपमहानगर घोषणा तयारीलाई तीब्रता दिइएको हो । उपमहानगरले नियुक्त गरेको वडा सहजकर्तामार्फत भएको कामको अनुगमन र नियमनको पाटोलाई अघि बढाउँदै अहिले वडातहको अनुगमन थालिएको हेटौंडा उपमहानगरपालिका कार्यालयले जनाएको छ ।

नगरउपप्रमुख राजेश बानियाँको नेतृत्वमा वडामा भएका काम, निर्माण भएको बालसञ्जालसँगको छलफल, विद्यालयको अनुगमन गर्ने काम भैरहेको उपमहानगरको महिला तथा बालबालिका महाशाखा प्रमुख बिष्णुकुमरी लामिछानेले बताइन् । उनका अनुसार तयारी अनुसार उपमहानगरको आयोजनामा बालमैत्री स्थानीय शासनका सूचक मापनयोग्य सरलीकरण कार्यशाला गरिएको छ । कार्यशालामा नगरप्रमुख मीनाकुमारी लामाले विकासको पहिलो सूचक मानवचेतना भएको बताइकी थिइन् । उनले भौतिक विकास भन्दा पनि मानव विकासमा ध्यान दिँदै अघि बढ्न जरूरी रहेको भन्दै उपमहानगरले थालेको बालमैत्री अभियानलाई सार्थकता दिन सबैको सहयोग आवश्यक रहेको बताइन् । चालु आर्थिक वर्षको मंसिरमा बालमैत्री पालिका घोषणा गर्ने लक्ष्य सहित काम भैरहेपनि पूर्णरूपमा तयारी नभएकाले अहिले वडाहतबाट घोषणाको क्रमलाई अघि बढाउने नगरप्रमुख लामाले बताइन् ।

कार्यशालामा नगर उपप्रमुख राजेश बानियाँ, बिभिन्न वडाका अध्यक्षहरू, नगरका बिभिन्न विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारी, वडा कार्यालयका सचिवहरू र उपमहानगरका बिभिन्न महाशाखा प्रमुखहरूको सहभागिता थियो । बालमैत्री पालिका घोषणाको तयारी अनुसार ७, ८ र ९ नम्बर वडाको अनुगमन थालिएको छ । अनुगमनमा वडाका जनप्रतिनिधि, महिला तथा बालबालिका महाशाखा प्रमुख लामिछाने, सम्पर्क व्यक्ति शान्ति बिश्वकर्मा, बालमैत्री स्थानीय शासनका श्रोतव्यक्ति बिष्णुप्रसाद चौवे सहित नगर र वडाका सहजकर्ता सहभागी छन् ।

वडातहबाट कार्यक्रम कार्यान्वयनका लागि सूचकको अवस्था मापन तथा बालबालिकाका लागि आवधिक लगानी योजना निर्माणबारे छलफल गर्दै बालमैत्री स्थानीय शासनलाई कार्यान्वयनको चर णमा लैजान लागिएको बताइएको छ । अनुगमनसँगै छलफलको काम हेटौंडा–८ बाट सुरु गरिएको उपमहानगरपालिका महिला तथा बालबालिका महाशाखाले जनाएको छ । मकवानपुरको मनहरी गाउँपालिका नेपालको पहिलो बालमैत्री गाउँपालिका बनेको थियो ।

# कृषि प्रदर्शनीमा कफी र एभोकाडो पनि प्रतिस्पर्धामा

◆ विकास संवाददाता



थाहानगरको इन्द्रायणी चौरमा १४ मंसिरबाट शुरू भएको चौँथा थाहा महोत्सव अन्तर्गत् कृषि मेलामा आकर्षण देखिएको छ । मेलामा थाहानगरका कृषकहरूले ल्याएको १ सय २५ वटा बाली प्रतिस्पर्धाका लागि दर्ता भएको थाहा नगरपालिकाकाका कृषि विकास शाखा प्रमुख सञ्जय तिवारीले जानकारी दिए ।

प्रदर्शनीका लागि दर्ता भएका बालीहरूमा थाहानगरको एभोकाडोदेखि जुनार र कफीसम्म रहेका छन् । कफी, एभोकाडो, सुन्तला, निबुवा, जुनार, जुकिनी, रूख टमाटर, रातो बन्दा चाइनिज बन्दा प्रतिष्पर्धाका लागि दर्ता भएको कृषि विकास शाखाका कृषि स्नातक विकास सुनारले जानकारी दिए ।

त्यसैगरी काक्रो, धनियाँ, काउली, बन्दा, रायो, ब्रोकाउली, मुला, गाँजर, स्कुस, फर्सी, लौका, घिरौला बरेला, सिमी, केराउ, भन्टा, अकबरे, गोलभेडा, मकै, कोदो, फापर, पिँडालु आदि प्रदर्शनीका लागि राखिएका छन् ।

प्रदर्शनीमा राखिएका बालीहरूको मूल्याङ्कन गरी उत्कृष्ट बालीहरूका लागि पुरस्कारको व्यवस्था रहेको र २५ मंसिर महोत्सव समापनका अवसरमा कृषकहरूलाई पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

# बागमती प्रदेश सरकारको वित्तिय प्रगती ९ प्रतिशत

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारको बजेट खर्च निराशाजनक देखिएको छ। बजेट खर्चमा सधैँ कमजोर देखिने बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/०८१ को चार महिनामा ९ प्रतिशत मात्रै बजेट खर्च गरेको छ । आर्थिक वर्षको अन्त्यतिर भ्याइनभ्याई बजेट खर्च गर्ने बानी परेको प्रदेश सरकारको चालु आर्थिक वर्षको पहिलो चौमासिकमा बजेट कार्यान्वयन निराशाजनक छ ।

हरेक आवको पहिलो र दोस्रो चौमासिकमा सुस्त देखिने बजेट खर्च अन्तिम चौमासिकमा मात्रै गति बढेको पाइन्छ। जसका कारण आवको अन्तिम महिनामा १५ देखि २० प्रतिशतसम्म बजेट खर्च हुने गरेको छ चालु आवको पहिलो साउनदेखि कात्तिक महिनासम्ममा प्रदेश सरकारले ल्याएको कुल बजेटबाट ९ प्रतिशत मात्रै खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ। कुल ६२ अर्ब ७० करोड ९० लाख बजेट ल्याएकोमा कात्तिक मसान्तसम्ममा ५ अर्ब ७८ करोड ७१ लाख रूपैयाँ अर्थात ९ प्रतिशत बजेट खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी होमनाथ रिजालले जानकारी दिए ।

उनका अनुसार हालसम्ममा चालुतर्फ १३.४८ प्रतिशत अर्थात तीन अर्ब ५६ करोड ५९ लाख रूपैयाँ खर्च भएको छ भने पूँजीगततर्फ ६.२१ प्रतिशत अर्थात दुई अर्ब २२ करोड ११ लाख रूपैयाँ खर्च भएको छ। चालु आवका लागि प्रदेश सरकारले चालुतर्फ २६ अर्ब ७० करोड २७ लाख ६९ हजार, पूँजीगततर्फ ३५ अर्ब ५० करोड ६३ लाख ९ हजार र वित्तीय व्यवस्थापनतर्फ रू.५० करोड विनियोजन गरेको थियो। लेखा नियन्त्रक कार्यालयका अनुसार प्रदेश सरकारसँग हाल ५६ अर्ब ९२ करोड १८ लाख रूपैयाँ मौज्दात छ ।

सूचना अधिकारी रिजालका अनुसार सरकारको गत वर्षको यही अवधिको तुलनामा यो आवमा बजेट खर्च केही घटेको छ। गत आव २०७९/०८० को पहिलो चौमासिकमा प्रदेश सरकारले १० प्रतिशत खर्च गरेको थियो । चालुतर्फ १४ दशमलव १४ प्रतिशत, पूँजीगततर्फ ६ दशमलव ३७ प्रतिशत खर्च भएको थियो । बागमती प्रदेशमा १२ मन्त्रालय रहे पनि पछि थपिएको उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका लागि बजेट बाँडफाँड गरेको छैन । यसबाहेक बजेट निर्माणका बेला रहेका ११ मन्त्रालयहरूमध्ये सबैभन्दा बढि बजेट खर्च श्रम रोजगार तथा यातायात मन्त्रालयले गरेको छ । यस मन्त्रालयले पहिलो चौमासिकमा कुल बजेटको १६ प्रतिशत खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्यांक छ ।

यस्तै, सबैभन्दा बढी २१ अर्ब ६६ करोड ८० लाख बजेट पाएको भौतिक मन्त्रालयले पहिलो चौमासिकमा १ अर्ब ७३ करोड २८ लाख बजेट खर्च गरेको छ । पहिलो चौमासिकमा यस मन्त्रालयले कुल बजेटको ८ प्रतिशत खर्च गरेको हो। यस्तै, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ३ दशमलव ६ प्रतिशत खर्च गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले ११ दशमलव ८९ प्रतिशत बजेट खर्च गरेको छ। १ अर्ब २९ करोड ४३ लाख ८० हजार बजेट पाएको यस मन्त्रालयले १५ करोड ३९ लाख ८९ हजार बजेट खर्च गरेको हो ।

यस्तै, ३ अर्ब ३८ करोड १ लाख ८१ हजार बजेट पाएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले हालसम्म ७ दशमलव ३६ प्रतिशत अर्थात २४ करोड ८७ लाख ९३ हजार बजेट खर्च गरेको छ भने खानेपानी उर्जा तथा सिँचाइ मन्त्रालयको बजेट खर्च ५ दशमलव २ प्रतिशत छ । ६३ करोड २८ लाख ६७ हजार बजेट पाएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले हालसम्म ५ दशमलव ६ प्रतिशत अर्थात ३ करोड २७ लाख १६ हजार खर्च गरेको छ भने पर्यटन उद्योग तथा सहकारी मन्त्रालयले पहिलो चौमासिकमा ४ दशमलव ९ प्रतिशत बजेट खर्च गरेको छ । सामाजिक विकास मन्त्रालायल ७ दशमलव ५४ प्रतिशत बजेट खर्च गरेको छ । कुल ४ अर्ब ६२ लाख १७ हजार बजेट पाएको यस मन्त्रालयले ३० करोड २१ लाख २९ हजार खर्च गरेको हो। यस्तै, स्वास्थ्य मन्त्रालयले ४ अर्ब ७ करोड ४२ लाख २५ हजार बजेट पाएकोमा १३ दशमलव ७ प्रतिशत अर्थात ५५ करोड ८४ लाख २० हजार खर्च गरेको छ ।

# हेटौंडा-१४ को २ सय ८८ वटा धारा खानेपानी बोर्डमा हस्तान्तरण

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका वडा नम्बर १४ मा वितरण हुँदै आएको खानेपानीको व्यवस्थापन हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले गर्ने भएको छ । शुक्रबार उत्तरपानीमा टसीलिङ खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट संचालित २ सय ८८ वटा धारा, डिप बोरिङ्ग तथा पानी टंकी सहितको खानेपानी योजना बोर्डमा हस्तान्तरण भएसँगै वडाको खानेपानीको व्यवस्थापन बोर्डले गर्ने भएको हो ।

खानेपानी उपभोक्ता समिति बोर्डमा हस्तान्तरण भएसँगै २०८० मंसिर महिना देखि लागु हुने गरी संचालनमा रहेका २ सय ८८ वटा धाराहरूका उपभोक्ताहरूले हेटौंडा उपमहानगरपालिकाले उपलब्ध गराएको मासिक १० हजार लिटर बराबरको खानेपानी निःशुल्क उपभोग गर्न पाउने भएका छन् । यसअघि १४ नम्बर वडामा रहेका मयूधाप खानेपानी तथा सरसफाई उपभोक्ता समिति, चुरियामाई संयुक्त खानेपानी तथा सर सफाई उपभोक्ता समिति र बनेलधाप कालोपानी खानेपानी तथा सरसफाई उपभोक्ता समिति बोर्डमा हस्तान्तरण भई सकेका छन् । बोर्डले पानी महशुल संकलनको लागि वडा नम्बर १४ स्थित बनेलधापमा प्रत्येक महिनाको २२ गते देखि मसान्त सम्म महशुल संकलन काउन्टर संचालन गर्दै आइरहेको छ ।

खानेपानी उपभोक्ता समिति हस्तान्तरण कार्यक्रममा समिति अन्तर्गत विगत लामो समय देखि कार्यरत कर्मचारीहरू राम सिं. थिङ्ग र जय बहादुर थिङ्गलाई उमेर हदको कारण अवकाश प्राप्त भएकोले कार्यक्रमका प्रमुख अतिथि एव उपमहानगरपालिकाका नगर प्रमुख मीनाकुमारी लामा, बिशिष्ट अतिथि उप प्रमुख राजेश बानिया, वडाध्यक्ष दिपक खडकाले दोसल्ला ओढाई, प्रमाण पत्र र नगद सहित सम्मान तथा बिदाई गरिएको थियो ।

कार्यक्रममा नगर प्रमुख लामाले उपमहानगरपालिकामा खानेपानीलाई व्यवस्थित गर्न र नगरवासीलाई सुविधा उपलब्ध गराउन उपमहानगरपालिकाले १० हजार लिटर पानीको महशुल निःशुल्क गरेको बताईन । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाले निर्वाचनका बेलामा नगरवासी समक्ष गरेका प्रतिवद्धताहरू एकपछि अर्को गर्दै पुरा गरिरहेको बताए । वडाका अध्यक्ष दिपक खड्काले खानेपानीको जिम्मा हेटौंडा खानेपानी व्यवस्थापन बोर्डलाई दिएपछि वडामा पानीको समस्या नभएको बताए ।

टसीलिङ खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष जगतबहादुर सिन्तानको अध्यक्षता भएको कार्यक्रममा बोर्डका अध्यक्ष प्रताप बिष्ट, बोर्ड सदस्य इन्द्रप्रसाद नेपाल, बोर्डका कार्यकारी निर्देशक बिष्णुप्रसाद सापकोटा, भविष्य मध्यवती वन उपभोक्ता समितिका अध्यक्ष तीर्थ मोक्तानलगायतकाको आतिथ्यता रहेको थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहानगरमा मनाइयो ३२ औं अन्तर्राष्ट्रिय अपाङ्ग दिवस



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकामा ३२ औं अन्तर्राष्ट्रिय अपाङ्ग दिवसको अवसरमा १७ मंसिरमा अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रमको आयोजना गरी मनाइएको छ । *'दिगो विकास लक्ष्य प्राप्तिको प्रतिबद्धताः अपांगता भएका व्यक्तिको अपनत्व र नेतृत्वसहितका ऐक्यबद्धता'* भन्ने नाराको साथ यस वर्ष अपाङ्गता दिवस मनाइएको हो । संयुक्त राष्ट्र संघले ३ डिसेम्बरलाई विश्व अपाङ्ता दिवस घोषणा गरेसंगै हरेक वर्ष विश्वभर अपाङ्गता दिवस मनाइँदै आएको छ ।

अपाङ्ग समन्वय समिति थाहा नगरपालिकाको आयोजनामा विकास घरमा कार्यक्रमको आयोजना दिवस मनाइएको हो । अपाङ्ग समन्वय समिति थाहाका संयोजक मनलाल गोपाली तथा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा प्रमुख अतिथी गोपालीले स्थानीय तहले १० प्रतिशत बजेट छुट्याएको बताउदै स्थानीय तह भएपछि धेरै र थोरै रूपमा थाहा नगर पालिकाले आफ्नो आर्थिक श्रोतअनुसार बजेट छुट्याइ अपाङ्गता भएकाहरूको हितको लागि सशक्तीकरणमा सहयोग गरिरहेको उल्लेख गरे ।

कार्यक्रममै थाहा नगरपालिकाका फरक क्षमता भएका ख्याति प्राप्त कलाकार अमिर भोम्जनले थाहा नगरपालिका भित्रका सबै सरकारी कार्यालय तथा विद्यालय र स्वास्थ्य चौकीहरू अपाङ्गमैत्री हुन नसकेको बताउदै अपाङ्गता भएका व्यक्तिलाई हेरचाह गर्नेहरूको लागि पनि सरकारले सोच्नुपर्ने बताए । कार्यक्रममा दिप न्यौपानेले सहजीकरण गर्दै ३२ औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा अपङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि र दिगो विकासका लक्ष्यहरूको अन्तरसम्बन्ध विषयक अभिमुखीकरण दिएका थिए ।

कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ३ का कार्यवाहक वडा अध्यक्ष कृष्ण कुमार कार्की, महिला बालबालिका जेष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र समिति संयोजक अनिता बल, सामाजिक विकास समिति सदस्य पवित्रा सिं ठकुरी, जनक कामी लगायतका १२ वडाकै अपाङ्गता भएकाहरूको उपस्थिति रहेको थियो ।

# 'पर्यटन प्रवर्द्धन केन्द्रित काममा सहयोग गर्छु'–मन्त्री मोक्तान

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा सञ्चालन भएको एक साता लामो 'थाहा फिल्म फेस्टिभल, २०२३' को समापन गरिएको छ । ७ दिनसम्म पालुङ जेसिज सभाहलमा भएको फेस्टिभलको ३ हजार २ सय बढिले अवलोकन गरेको आयोजक थाहा कला केन्द्रले जनाएको छ । यस अवधिमा चलचित्र निर्देशक, कलाकारहरू, उत्पादकहरू गरी ७६ जनाले सहभागिता जनाएका थिए । उनीहरूले थाहानगरको विभिन्न क्षेत्रको अवलोकन समेत गरेका थिए ।

'थाहा फिल्म फेस्टिभल, २०२३' समापन समारोहका प्रमुख अतिथी एवं बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले यस किसिमको कार्यक्रमले पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताइन् । जिल्लाकै पर्यटकीय नगरी थाहामा बालबालिकालाई समेत लक्षित गरी फिल्म फेस्टिभल सञ्चालन हुनु राम्रो शुरुवात भएको बताउँदै मन्त्री मोक्तानले चलचित्र उद्योगमा आकर्षण गराई नगरको प्रवर्द्धनमा फेस्टिभलले सहयोग गर्ने विश्वास व्यक्त गरिन् । उनले छिमेकी पालिकाहरूलाई समेत समेटेर थाहानगरलाई पर्यटकीय हब बनाउने विषयमा प्रदेश सरकारमा छलफल भैरहेको बताइन् । आगामि वर्षहरूमा फिल्म सम्बन्धी तालिमका कार्यक्रमहरू समेत आयोजन ागर्ने आयोजकको योजनामा आफूहरू सकारात्मक रहेको बताउँदै सहयोग गर्ने प्रतिवद्धता जनाइन् । 'अहिले पनि बागमती प्रदेश सरकारले सहयोग गरेकै हो, आगामि कार्यक्रमहरूमा पनि सहयोग गर्न तत्पर छौं'–मन्त्री मोक्तानले भनिन् । चलचित्र उत्पादनमा स्थानीय कलाकारहरू उत्पादनमा जोड दिन समेत मन्त्री मोक्तानको आग्रह गरिन् ।

थाहानगरमा फिल्म सिटी निर्माणका लागि पालिकाको पनि अवधारणा रहेकोले फिल्म फेस्टिभल जस्ता प्रवर्द्धनात्मक कार्यक्रमहरूप्रति स्थानीय तह सँधै सकारात्मक रहेको थाहा नगरपालिकाका




नगर उपप्रमुख भरत गोपालीले बताए । उनले थाहानगरको पर्यटन प्रवर्द्धनका लागि स्थानीय कला संस्कृति, सम्पदाहरूको समेत श्रृव्यदृश्यमा समेटिने गरी काम गर्नु आवश्यक रहेको औल्याए । थाहा फिल्म फेस्टिभलको लागि नगरपालिकाको समेत सहयोग रहेको बताउँदै सकारात्मक र परिणाममुखी कामका लागि पालिका सँधै सहयोगका लागि तयार रहेको उल्लेख गरे ।

समापन समारोहका अवसरमा चलचित्र निर्देशकहरू मोहन राइ, गणेश देव पाण्डे र समल बज्राचार्यलाई सम्मान गरिएको थियो । कार्यक्रमको अवसरमा थाहा फिल्म फेस्टिभललाई सहयोग गर्ने संघसंस्था, पत्रकारहरू तथा विभिन्न व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो । समापन समारोहमा थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्ट, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, सामाजिका विकास शाखा प्रमुख अनिल लामिछाने, नेकपा माओवादी केन्द्र थाहानगर अध्यक्ष बिनोद लामा, जनकल्याण माविका प्राचार्य सानोभाइ कार्की, भूमि आयोग मकवानपुरका सदस्य अरूण रायमाझी, पालुङ बहुमुखी क्याम्पसका प्रमुख राजन मिश्र तथा विभिन्न राजनीतिक दलका प्रतिनीधीहरू, सरकारी तथा गैर सरकारी संघसंस्थाका प्रतिनीधिहरूको सहभागिता रहेको थियो ।

सात दिनसम्म सञ्चालन भएको फिल्म फेस्टिभलका ७ वटा फिचर फिल्म तथा लघुचलचित्र तथा वृत्तचित्र गरी २० वटा प्रदर्शनी गरिएको थाहा कला केन्द्रका अध्यक्ष सानोबाबु मोक्तानले जानकारी दिए । 'थाहा फिल्म फेस्टिभल, २०२३' का संयोजक प्रमोदकृष्ण जोशीको अध्यक्षतामा भएको कार्यक्रममा उप संयोजक राजीव स्याङ्तानसहित आयोजक टिमका अन्य व्यक्तित्वहरूको समेत सहभागिता रहेको थियो । यहि ९ मंसिरमा बागमती प्रदेशका उद्योग, वाणिज्य भूमी तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकारले फेस्टिभलको उद्घाटन गरेका थिए ।

फिल्म फेस्टिभल सफलता पूर्वक सम्पन्न गर्नका लागि सहयोग गर्ने बागमती प्रदेशका विभिन्न मन्त्रालयसहित थाहा नगरपालिका, हेटौंडा उपमहानगर पालिका, मनहरी गाउँपालिका, इन्द्रसरोवर, कैलाश, मकवानपुर गढी, भिमफेदी, बकैया, बागमती, राक्सीराङ गाउँपालिकाहरूप्रति संयोजक जोशीले आभार व्यक्त गरेका छन् । संयोजक जोशीले चलचित्रकर्मी निर्माता, निर्देशक चलचित्र अवलोकन गर्न पठाउने विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरू, विद्यार्थी, सञ्चारमाध्यमहरू, प्राविधिक टोली, थाहा कला केन्द्रको आफ्नो सम्पूर्ण टिम तथा स्वयंसेवकहरू समेतलाई धन्यवाद दिएका छन् ।

# वनस्पति उद्यानलाई पर्यटन प्रवर्द्धनमा प्रयोग गर्न स्थानीयको आग्रह

◆ विकास संवाददाता

मकवानपुरको दामनमा रहेको पर्वतिय वनस्पति उद्यानलाई दामन आसपासको पर्यटन प्रवर्द्धनमा प्रयोग गर्न स्थानीयले आग्रह गरेका छन । १६ मंसिरमा बनस्पति विभागका महानिर्देशक राजेन्द्र केसी, उपमहानिर्देशक सरोज कुमार चौधरी तथा बनस्पति अनुसंधान केन्द्र मकवानपुरका प्रमुख रघुराम न्यौपाने समक्ष स्थानीयले यस्तो आग्रह गरेका हुन ।

दामनस्थित सामाजिक संघ संस्था तथा राजनीतिक दलका प्रतिनिधिहरू बिच भएको छलफलमा दामनमा रहेको पर्वतिय वनस्पति उद्यानलाई पर्यटन प्रवर्धनको निम्ति उपयोग गर्न स्थानीयको आग्रहसंगै करिब १३ सय रोपनी जग्गा रहेको उद्यानलाई पर्यटन र जडिबुटिको माध्यमबाट स्थानीय वासिन्दाको आर्थिक हैसियत उकास्न सकिने र यसको लागि स्थानीय तहसंग सहकार्य गरि अघि बढ्नु पर्ने नेकपा (माओवादी केन्द्र) को थाहानगर अध्यक्ष बिनोद कुमार लामाको भनाई रहेको थियो ।

छलफल कार्यक्रममा महानिर्देशक केसीले उद्यान संरक्षणमा सहयोग पुराउने स्थानिय दामनबासिलाई धन्यवाद दिदै आगामी दिनमा उद्यानलाई पर्यटन प्रवर्धनमा टेवा पुग्ने खालको गुरू योजना तयार गरि कार्यक्रम संचालन गर्ने र रोजगारिको सिर्जना समेत हुने खालको कार्यक्रम संचालन गरि स्थानीय तहसंग सहकार्य गरेर नै यी कार्यक्रमहरू कार्यान्वयन गरिने प्रतिबद्धता ब्यक्त गरे ।

# आवधिक योजना बनाउँदै हेटौंडा उपमहानगर

◆ विकास संवाददाता

आगामी पाँच वर्षका लागि आवधिक योजना बनाउँने क्रममा रहेको हेटौंडा उपमहानगरपालिकाले सुझाव संकलनका लागि क्यूआर कोड सार्वजनिक गरेको छ । नगरवासीसँग आवधिक योजनाका लागि सुझाव संकलन गर्ने उद्देश्यसहित क्यूआर कोड जारी गरि एको हेटौंडा उपमहानगरपालिका कार्यालयले जनाएको छ ।

नगर क्षेत्रका विकास योजनामा समावेस रहेका बिभिन्न १७ वटा क्षेत्रमा सुझाव संकलन गर्दै उपमहानगरले निर्माण गर्ने आवधिक योजनमामा नगर वासीको सहभागिताका लागि क्यूआर कोड मार्फत सुझाव संकलन गर्न खोजिएको कार्यालयले जनाएको छ । सडक, ढललगायत पूर्वाधार विकास,

लक्षितबर्गका कार्यक्रम (महिला, अपाङ्गता, दलित, जनजाति, न्येष्ठ नागरिक, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, एकल महिला), कृषि तथा पशुविकास, शिक्षाविकास, जनस्वास्थ्य, फोहरमैला व्यवस्थापन सहितका क्षेत्रमा सुझाव लिन खोजेको हो ।

उपमहानगरले सार्वजनिक गरेको क्यूआर कोड स्क्यान गरी नगरको वृहत्तर विकासमा योगदान गर्दै योजना र कार्यक्रमहरू मार्फत् सुझाव दिन नगरवासीलाई आवह्ान गरेको छ । उपमहानगरले चालु आर्थिक बर्ष २०८०/२०८१ देखि २०८४/२०८५ सम्म पाँच वर्षका लागि आवधिक योजना निर्माणको क्रममा रहेको छ ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४
सम्पर्क नं. ९८०७१५३३००
विकास
www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक
२०८० मंसिर १८ गते सोमबार, 04 Dec., 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



# थाहानगर छायाँङ्कनका लागि उपयुक्त-चलचित्र निर्देशक

◆ विकास संवाददाता

'पर्यटनको लागि फिल्म फेस्टिभल' भन्ने मुल नाराको साथ थाहा कला केन्द्रको आयोजना संचालित थाहा फिल्म फेस्टिभलमा मंसिर ९ गतेदेखि नै चलचित्रकर्मी र अवलोकन कर्ताको घुइँचो छ । फिल्म फेस्टिभल अवधी भर प्रदर्शन हुने सबै चलचित्र, लघु चलचित्र र वृत्तचित्रमा चलचित्रको प्रोडुसर, निर्देशक तथा अन्य कलाकार र दर्शक एकैठाउँ र हनेछन् ।

सप्ताहव्यापी रूपमा ९ मंसिरदेखि १५ सम्म चलिरहेको थाहा फिल्लम फेस्टिभलमा नेपाली कथानक चलचित्र बुलबुल, राधा, प्रकाश, डेशान, म अलप हुन चाहन्छु लगायत लघु चलचित्र र वृत्तचित्रहरू प्रदर्शन भइरहेको छ ।

यही शिलसिलामा थाहानगर आएका चलचित्रकर्मीलाई आयोजकले थाहा नगरपालिकाको पर्यटकीय स्थानहरूको अवलोकन भ्रमण गराएको छ । अवलोकन पस्चात चर्चित लघु चलचित्र "जुनुको जुत्ता" को निर्देशक केदार श्रेष्ठले अब बन्ने आफ्नो चलचित्रको लागि थाहानगर उपयुक्त स्थान रहेको बताए । प्रोडक्सन डिजाइनर राम खड्का र साउन्ड डिजाइनर बिपिन स्थापितले आफ्नो छायांकनको लागि तयारी अवस्थामा रहेको चलचित्र थाहा नगरको सिम भञ्ज्याङ् र आग्रामा गर्न उपयुक्त स्थान छनोट गरेको र सोही स्थानमा आफ्नो चलचित्र छायांकन गर्ने प्रतिबद्धता समेत व्यक्त गरेका छन ।

त्यस्तै चलचित्र विश्लेषक तथा चलचित्र पत्रकार समर्पण श्री ले यस्ता ठाउँमा बन्ने चलचित्रको कथावस्तुले दर्शकमा आनन्द र धैर्यता प्रदान गर्ने हुँदा थाहा नगरपालिका चलचित्र छायांकनको लागि उपयुक्त स्थान रहेको बताए । थाहा फिल्म फेस्टिभलको उद्घाटन सत्रको पहिलो दिन थाहा नगरपालिकाको पर्यटन वृत्तचित्र प्रदर्शन गर`कोमा हरेक दिन लघु चलचित्र, विभिन्न अवार्ड पाएका चलचित्रहरू प्रदर्शनका साथै चलचित्रकर्मीहरूसंग अन्तरक्रिया भएको थियो ।

# थाहा महोत्सवः थाहा आइडलका लागि ३३ जनाको नाम दर्ता

◆ विकास संवाददाता

थाहानगरको इन्द्रायणी चौरमा १४ गतेबाट हुने चौथो थाहा महोत्सवमा थाहा आइडल (एकल नृत्य) प्रतियोगिता पनि हुँदैछ । प्रतियोगितामा थाहा नगरपालिकाकै ३२ जना र मोरङका १ जना गरी ३३ जनाले सहभागिता जनाएको थाहा आइडलका संयोजक यादवजंग रायमाझीले जानकारी दिए ।

थाहानगर उद्योग वाणिज्य संघको मुख्य आयोजना तथा थाहा नगर पालिकाको आयोजना र ईन्द्रायणी काला भैरव गुठिको सहआयोजनामा मंसिर २५ गतेसम्म थाहानगरमा बृहत थाहा कृषि, पर्यटन तथा व्यापार साँस्कृतिक महोत्सव सञ्चालन हुदैछ । 'पहिलो दिनमै ३३ जनाबाट टप २० जना प्रतिस्पर्धी छनौट गर्छौं ।' संयोजक रायमाझीले भने-'टप ६ बाट भोटिङको व्यवस्था गर्ने छौं ।'

प्रतियोगितामा कलाकार विजय श्याम अमात्य र अर्का एक जनाले निर्णायकको भूमिका निर्वाह गर्नेछन् । थाहा आइडललाई निरन्तरता दिनुको साथै लोकल कलाकारलाई स्टेजको 'प्लेटफर्म' दिने उद्देश्यले थाहा आइडल आयोजना गरेको उनले बताए । आइडलको उपाधि जित्नेले नगद ३० हजार रूपैयाँ, द्वितीय हुनेले नगद २० हजार रूपैयाँ र तृतीय हुनेले नगद १० हजार रूपैयाँ प्राप्त गर्नेछन् ।

## महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं !

– महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँकहीँ हुन सक्दछ ।
– हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक प्रोत्साहित हुन सक्छ र थप घटना हुन सक्दछन् ।
– पीडकलाई समयमा नै कानूनी दायरामा ल्याउन सके महिला हिंसाका घटनामा कमी आउन सक्छ ।
– त्यसैले नजिकका आफन्तु तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी भनी कुनैपनि पीडकलाई उम्कन नदिऔं ।
– पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

११ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका, मकवानपुर

## कृषकहरुका लागि जनहितमा जारी सन्देश




❍ कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
❍ कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
❍ बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
❍ घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
❍ जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
❍ घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
❍ पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
❍ पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने बित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी